म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २५९ २०८१ साउन २७ गते आइतबार 11 August 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-


BUDDHA Bar & Restaurant
MOMO @100
Let's Enjoy....
Hetauda-4, School Road
buddhabar&restaurant
For Delivery 9802923576

हेटौँडा उपमहानगरको करवृद्धि विरुद्ध व्यवसायीले आन्दोलन घोषणा गर्ने

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाको करवृद्धि विरुद्ध व्यवसायीले आज आइतबार आन्दोलनका कार्यक्रम घोषणा गर्ने भएको छ। निर्माण व्यवसायी संघ मकवानपुरको शनिबार बसेको कार्यसमिति बैठकले मकवानपुर उद्योग वाणिज्य संघसँग संयुक्तरुपमा आन्दोलनका कार्यक्रम अगाडि बढाउने निर्णय भएको महासचिव राजेन्द्रप्रसाद चौलागाईले जानकारी दिनुभयो।

निर्माण व्यवसायी संघले आज आइतबार पत्रकार सम्मेलन गरेर आन्दोलनको कार्यक्रम घोषणा गर्ने जनाएको छ। निर्माण व्यवसायीले हेटौँडा उपमहानगरपालिकाले वृद्धि गरेको करको दर खारेज गर्न माग गर्दै कर अवज्ञा गर्ने, उपमहानगरपालिका विरुद्धको आन्दोलनमा सबैलाई सक्रियताका साथ सहभागी हुन माइकिङ गर्ने, उपमहानगरापलिकामा धर्ना दिने, कोण सभा गर्ने लगायतका कार्यक्रमको खाका तय गरिएको महासचिव चौलागाईले जानकारी दिनुभयो।

व्यवसायी चरम समस्यामा परेका बेला हेटौँडा उपमहानगरपालिकाले करको दरमा अस्वभाविक वृद्धि गरेको भन्दै व्यवसायी आन्दोलनको तयारीमा जुटेका हुन्। यसअघि व्यवसायीले नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतलाई ध्यानाकर्षण गराएका थिए। व्यवसायीले ध्यानाकर्षण गराउँदा कार्यपालिका बैठकबाट सम्बोधन गर्ने आश्वासन उपमहानगरपालिकाबाट पाएको थियो। तर, शुक्रबारको कार्यपालिका बैठकमा कार्यसूचिमा भए पनि व्यवसायीको मागलाई सम्बोधन गर्नुपर्ने बुँदामा कार्यपालिका बैठक मौन देखिएपछि व्यवसायीले आन्दोलन घोषणा गर्न लागेका हुन्।

यता मकवानपुर उद्योग बाणिज्य संघले पनि आज आइतबार बिहान कानुन व्यवसायीसँग छलफल गर्ने जनाएको छ। मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताका अनुसार आज आइतबार कानुन व्यवसायीसँग कानुनी उपचारको सम्भावना समेतलाई विश्लेषण गरेपछि आन्दोलनको खाका तय गरिने जानकारी दिनुभयो।

वन्यजन्तुको आक्रणमबाट १२ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन राष्ट्रिय निकुञ्जका वन्यजन्तुको आक्रमणबाट गत आर्थिक वर्षमा १२ जनाको मृत्यु भएको छ। आर्थिक वर्ष २०८०/०८१ मा चितवन, मकवानपुर र नवलपरासीमा भएका वन्यजन्तुको आक्रमणका घटनामा १२ जनाको मृत्यु भएको हो।

चितवन राष्ट्रिय निकुञ्जको तथ्यांकअनुसार सो अवधिमा बाघको आक्रमणबाट ४ जनाको मृत्यु भएको छ भने गैंडाको आक्रमणबाट ५, हात्तीको आक्रमणबाट १ र गोहीको आक्रमणबाट २ जनाको मृत्यु भएको छ। गत आर्थिक वर्ष २०८०/०८१ मा बाघको आक्रमणबाट चितवनको भरतपुर महानगर पालिका, राप्ती नगरपालिका र खैरहनी नगरपालिकाका ४ जनाको मृत्यु भएको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेश तिवारीले जानकारी दिनुभयो।

उहाँका अनुसार भरतपुर-२८, कोटेनीका वर्ष २६ को आशबहादुर बोटेलाई बाघले आक्रमण गरेको थियो। २०८० साउन ८ मा अन्नउलीबाट राप्ती नदी पारी निकुञ्जको कोर क्षेत्रमा माछा मार्ने गएका बोटेलाई बाघले आक्रमण गरेको थियो। खैरहनी नगरपालिका-१२ का ३५ वर्षीय अनिल तामाङ केराघारीमा जाँदा बाघले आक्रमण गरेको थियो। २०८० साउन २१ मा केराघारीमा जाँदा बाघको आक्रमणबाट उनको मृत्यु भएको निकुञ्जका सूचना अधिकारी तिवारीले बताउनुभयो।

राप्ती नगरपालिकाका २ जनाको एकै दिन बाघको आक्रमणबाट मृत्यु भएको निकुञ्जको तथ्यांक रहेको छ। राप्ती नगरपालिका-१, दुवीचौरका ४३ वर्षका हरिप्रसाद पौडेल र १८ वर्षका पुष्पराज तामाङलाई एकै दिन बाघले आक्रमण गरेको थियो। २०८० मंसिर ८ मा मनहरी गाउँपालिका-६, जोगीतालको खरघारीमा खर काट्दै गर्दाको अवस्थामा दुबै जनालाई बाघले आक्रमण गरेको र उनीहरुको मृत्यु भएको थियो।

गैंडाको आक्रमणबाट रत्ननगर नगरपालिका-६, लौखानीका ७५ वर्षीय नवराज अधिकारीको मृत्यु भएको निकुञ्जको तथ्यांक रहेको छ। २०८० साउन ४ मा बाघमारा मध्यवर्ती सामुदायिक वनमा निउरो टिप्न गएको अवस्थामा गैंडाको आक्रमणबाट उनको मृत्यु भएको हो। यस्तै, भरतपुर महानगर पालिका-२५ का ६९ वर्षका शुकराम बोटेको पनि गैंडाको आक्रमणबाट मृत्यु भएको निकुञ्जको तथ्यांक छ। २०८० जेठ २८ मा हरियाली सामुदायिक वन क्षेत्रभित्र निउरो टिप्ने क्रममा उनको गैंडाको आक्रमणबाट मृत्यु भएको हो।

भरतपुर-२३, घैलाघारीका ६२ वर्षका पूर्णबहादुर बोटे २०८० पुस २१ मा मृत भेटिएका थिए। पुस २० गतेदेखि बेपत्ता भएका बोटेको निकुञ्जको संयुक्त टोलीले खोजी कार्य गर्दा शव फेला परेको थियो। उनको गैंडाको आक्रमणबाट मृत्यु भएको निकुञ्जको तथ्यांकमा उल्लेख छ। कावासोती-१०, रतोलकी ७८ वर्षीया जगनीमाया थारुको बाखा चराउने क्रममा गैंडाको आक्रमणबाट मृत्यु भएको थियो। २०८० चैत २७ मा कृष्णसार मध्यवर्ती सामुदायिक वन क्षेत्रमा बाखा चराउने क्रममा उनलाई गैंडाले आक्रमण गर्दा मुत्यु भएको थियो।

गोरखाको आरुघाट-८ का सुवास रेग्मीको पनि गैंडाको आक्रमणबाट मुत्यु भएको निकुञ्जले जनाएको छ। रत्ननगर-६ बस्दै आएका ३२ वर्षका रेग्मीलाई पर्यटक घुमाउने क्रममा गैंडाले आक्रमण गरेको थियो। २०८१ बैशाख १ मा हात्ती प्रजनन् केन्द्रको पश्चिमी क्षेत्रमा पर्यटक घुमाउने क्रममा गैंडाको आक्रमणमा परेका रेग्मीको मुत्यु भएको हो।

रत्ननगर-५, मगर टोलका ४७ वर्षीय फगुना महतोको गोहीको आक्रमणबाट मृत्यु भएको थियो। घाँस लिएर घर फर्किरहेको अवस्थामा उनलाई मगर गोहीले आक्रमण गरेको थियो। २०८० भदौ ३० मा घाँस लिएर फर्कंदै गर्दा मगर गोहीको आक्रमणबाट उनको मुत्यु भएको थियो। मध्यबिन्दु-२, नवलपुरका ७२ वर्षका मिलबहादुर थारुको नुहाउने क्रममा गोहीको आक्रमणबाट मृत्यु भएको थियो। २०८१ असार १० मा नारायणी नदीको उत्तरी किनार नजिकको आफ्नै जग्गामा बनेको घोलमा नुहाएर फर्कने क्रममा मगर गोहीको आक्रमणबाट घटनास्थलमा नै थारुको मृत्यु भएको थियो। मनहरी-६, नयाँबस्तीका ५४ वर्षका कालेबहादुर बोटेको हात्तीको आक्रमणबाट मुत्यु भएको थियो। २०८१ बैशाख ४ मा निकुञ्जको कोर क्षेत्र (प्रतापपुर क्षेत्र) मा हात्तीको आक्रमणबाट उनको मुत्यु भएको थियो।

DOWNTOWN PIZZA
THE BEST PIZZA IN TOWN
FREE HOME DELIVERY
9802593651 / 9802593652
SRK FOOD Hetauda 4 Parijatpath

मकवानपुरको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पारित

समाज संवाददाता

हेटौँडाः मकवानपुरको विपद् व्यवस्थापन समितिको शुक्रबार बसेको बैठकले मकवानपुर जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ लाई सर्वसम्मतिले स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरेको छ। प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालको अध्यक्षतामा बसेको बैठकले सरोकारवाला निकायहरुबाट प्राप्त सान्दर्भिक सुझावहरु समेटेर प्राविधिक समितिबाट तयार गरिएको योजना सर्वसम्मत पारित गरिएको हो।

स्वीकृत योजना कार्यान्वयनबाट विपद् जोखिम र संकटको पहिचान, मापन तथा विश्लेषण, विभिन्न प्रकोपबाट उच्च जोखिमयुक्त स्थानहरुको पहिचान गर्न सकिने बताइएको छ। प्रतिकार्य योजनाले विपद्जन्य घटनाको व्यवस्थापनमा सहजता हुने, मानवीय सहायतामा संलग्न निकायका बारे स्पष्ट जानकारी प्राप्त गर्न सकिने, जिल्ला अगुवा सहयोगी संस्था (डीएलएसए) को सक्रियता बढ्ने, सरोकारवालाहरुबीच समन्वय प्रभावकारी हुने अपेक्षा गरेको छ। उक्त योजनाले सूचना प्रणाली मार्फत तथ्यांक संकलन र अभिलेखीकरण प्रभावकारी हुने, विभिन्न क्षेत्रहरुको भूमिका र साधन स्रोतहरुको स्पष्ट पहिचान र सम्भावित क्षति न्यूनीकरण गर्न सहज हुने विश्वास गरिएको छ।

बैठकमा प्राविधिक समितिबाट अद्यावधिक गरिएको मकवानपुर जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१ स्वीकृत गर्ने प्रस्ताव माथि छलफल भएको थियो। मकवानपुर जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने सम्बन्धमा असार २० गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट सहायक प्रमुख जिल्ला अधिकारी लोकमान श्रेष्ठको संयोजकत्वमा गठित ५ सदस्यीय प्राविधिक समितिले विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरी तयार गरेको दस्तावेजका प्रावधानहरु बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी श्रेष्ठले प्रस्तुतीकरण गर्नुभएको थियो।

त्यस्तै बैठकमा जिल्ला विपद् व्यवस्थापन कोषलाई रकम उपलब्ध गराइदिन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने विषयमा छलफल भएको थियो भने मकवानपुर जिल्लाको कैलाश गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाका आगलागी पीडितलाई लाभग्राही कायम गर्ने, प्रहरी चौकी शिवराईगाउँका लागि आवश्यक पर्ने जग्गा सम्बन्धमा, विभिन्न विपद् (बाढी, पहिरो, चट्याङ, आगलागी) बाट प्रभावित/पीडितहरुलाई राहत उपलब्ध गराउने विषयमा छलफल भएको थियो।

बैठकमा राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, पालिका प्रमुख/अध्यक्ष, सुरक्षा निकायका प्रमुख, जिल्ला समन्वय समितिको प्रतिनिधि, स्वास्थ्य, पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुख/प्रतिनिधिहरु, नेपाल रेडक्रस, गैरसरकारी महासंघ मकवानपुर, नेपाल पत्रकार महासंघ मकवानपुर, उद्योग वाणिज्य संघ मकवानपुरका प्रमुख एवम् प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

प्रधानन्यायाधीशले दिए राजीनामा

काठमाडौंः बंगलादेशका प्रधानन्यायाधीश ओबेदुल हसनले राजीनामा दिएका छन्। उनले राजीनामा दिएका अन्तरिम सरकारका कानुनमन्त्री प्राध्यापक आसिफ नजरुलले पुष्टि गरेको बंगलादेशको पत्रिका द डेली स्टारले जनाएको छ। 'हाम्रा प्रधानन्यायाधीशले राजीनामा दिनुभएको छ। उहाँको राजीनामा पत्र कानुन मन्त्रालयमा आइसकेको छ। हामी यो पत्र ढिला नगरी राष्ट्रपति समक्ष पठाउनेछौं', उनले शनिबार दिउँसो फेसबुकमा पोस्ट गरेको भिडिओमा भनेका छन्। शनिबार बिहान १० बजेतिर प्रदर्शनकारीको एक समूहले बंगलादेशको सर्वोच्च अदालतबाहिर प्रधानन्यायाधीश र ७ जना न्यायाधीशको राजीनामा माग गर्दै प्रदर्शन गरेका थिए। कानुनमन्त्री नजरुलले अरु न्यायाधीशको भने राजीनामा नआएको बताए।

हेटौँडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

हेटौँडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

सूचना सूचना सूचना

नेपाल सरकार र मातहतका निकायमा व्यवसाय दर्ता गरी यस हेटौंडा उपमहानगरपालिकामा दर्ता नगरी संचालन भैरहेको तथा हेटौंडा उपमहानगरपालिकामा दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएको उद्योग तथा व्यवसायीहरूलाई यस उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ बमोजिम निम्नानुसार छुटको व्यवस्था भएकोले आर्थिक ऐन २०८१ ले दिएको छुट सुविधा लिनुहुन सबैमा यो सूचना जारी गरिएको छ। अन्यथा नियमानुसार भै जाने व्यहोरा अनुरोध छ।

निम्न:

१. मिति २०८१ आश्विन मसान्त भित्र व्यवसाय नयाँ दर्ता तथा नवीकरण गर्न आएमा व्यवसाय करमा १० प्रतिशत छुटको व्यवस्था,

२. अन्य निकायमा दर्ता भई संचालनमा रहेको तर हेटौंडा उपमहानगरपालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायहरूलाई चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र व्यवसाय दर्ता गर्दा आ.व. २०७८/०७९ भन्दा अगाडिको व्यवसाय कर र घर बहाल करमा शतप्रतिशत छुट दिने व्यवस्था

३. आ.व. २०७८/०७९ भन्दा अगाडि यस कार्यालयमा व्यवसाय दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएका उद्योग तथा व्यवसायीहरूको हकमा चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र नवीकरण गर्न आएमा आ.व. २०७८।०७९ भन्दा अगाडिको व्यवसाय कर र घर बहाल करमा छुट दिई व्यवसाय नवीकरण गरिनेछ।

४. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र संचालित व्यवसाय बन्द गर्दा चालु आर्थिक वर्षको व्यवसाय कर तथा व्यवसाय बन्द भन्दा अगाडि अवधिको बहाल कर फरफारक भएपछि मात्र बन्द गरिने र विभिन्न प्रयोजनका लागि आर्थिक ऐन २००१ अनुसार निश्चित समयका लागि घर बहाल कर बुझाउनु भएका करदाताहरूले घर बहाल कर समयमा नै आई बन्द समेत गर्नु हुन जानकारी गराईन्छ। समयमा बन्द नगरेमा घर बहाल कर मासिक रूपमा गणना हुँदै जाने व्यहोरा अनुरोध छ।

हेटौंडा उपमहानगरपालिका
राजश्व व्यवस्थापन शाखा

सम्पादकीय

मौलाउँदो सम्बन्धविच्छेद

नेपाली समाजमा सम्बन्धविच्छेद मौलाउँदै गएको छ । नेपाली वृहत् शब्दकोषअनुसार सम्बन्धविच्छेदको अर्थ विवाह, लेनदेन, व्यवहार आदिमा भएको सम्बन्धलाई कारणवश तोड्ने वा विच्छेद गर्ने काम भनिएको छ । तर, सामान्य बुझाइमा सम्बन्धविच्छेद भनेको लोग्ने र स्वास्नीबीचको वैवाहिक सम्बन्धलाई कानुनबमोजिम विच्छेद गरिनु हो । यसलाई अर्को भाषामा छोडपत्र वा पारपाचुके पनि भनिन्छ । श्रीमान श्रीमतीबीचको बैवाहिक नाता सम्बन्धबाट दायित्वरहित तवरले अलग हुने कानुनी आधार सम्बन्धविच्छेद हो । वैवाहिक जीवनमा आइपर्ने समस्या तथा असमझदारीलाई पति र पत्नी मिलेर समाधान गर्न नसक्दा सम्बन्धविच्छेदजस्तो अप्रिय निर्णयमा पुग्ने गरेको पाइन्छ । लोग्ने र स्वास्नीबीचको सम्बन्धमा विभिन्न परिस्थितिका कारण मनमुटाव आउन सक्छ । यस्ता मनमुटाव, अविश्वास, विवाद, असमझदारी बढ्दै जाँदा सम्बन्धविच्छेदसम्म पुर्‍याउने गरेको छ ।

पछिल्लो ३ वर्षको अवधिमा जिल्ला अदालत मकवानपुरमा २ हजार ८६ वटा सम्बन्धविच्छेदको नयाँ मुद्दा दर्ता हुनुले सम्बन्धविच्छेद मौलाउँदै गएको पुष्टि हुन्छ । आर्थिक वर्ष २०७८/०७९ देखि २०८०/०८१ सम्म जिल्ला अदालतमा क्रमश: ६९१, ७९५ र ६०० वटा सम्बन्धविच्छेदको नयाँ मुद्दा दर्ता भएको थियो । ३ वर्षमा ५५५ वटा सम्बन्धविच्छेद मुद्दाको जिम्मेवारी सरेको थियो । अदालतले आर्थिक वर्ष २०७८/०७९ देखि २०८०/०८१ सम्म क्रमश: ६७९, ७६८ र ६२७ वटा सम्बन्धविच्छेदको मुद्दा फैसला भएको छ । आर्थिक वर्ष २०७५/०७६ देखि सम्बन्धविच्छेदको मुद्दा व्यापकरुपमा बढेको हो । उक्त आर्थिक वर्षमा ६३० वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएकोमा ४२८ वटा फैसला भएको थियो । वैदेशिक रोजगारी, महिलामा आएको चेतना र गरिबी सम्बन्धविच्छेदको मुख्य कारण मानिएको छ । चुनौतीको सामना गर्न नसक्दा, एकअर्काको अविश्वास, लागूऔषध, मदिरा सेवन, बेरोजगारी र शोषण सहन नसक्दा सम्बन्धविच्छेदको अवस्था आउने गर्दछ ।

२०७५ साल भदौ १ गतेदेखि लागू भएको मुलुकी देवानी संहिताले सम्बन्धविच्छेदलाई सहजता प्रदान गरेको छ । उक्त संहिताअनुसार पति-पत्नी दुबैले चाहेमा जहिलेसुकै पनि सम्बन्धविच्छेद गर्न सक्नेछन् । कानुनबमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पति-पत्नीले एकअर्काको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा दुईमध्ये एकले अर्कोको मञ्जुरीबिना नै सम्बन्धविच्छेद गर्न सक्नेछन् । पत्नीले पति वा पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा र अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा पनि दुईमध्ये एकले अर्कोको मञ्जुरीबिना सम्बन्धविच्छेद गर्न सक्नेछन् । पत्नीले अन्य पुरुषसँग वा पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा पनि सम्बन्धविच्छेदका लागि एक-अर्काको मञ्जुरी चाहिँदैन । यस्तै, पतिले अर्को विवाह गरेमा र पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा पत्नीले पतिको मञ्जुरीबिना सम्बन्धविच्छेद गर्न सक्ने कानुनी व्यवस्था छ ।

सानातिना मनमुटावकै निहुँमा सम्बन्धविच्छेद गर्न हतारिने प्रवृत्तिले सम्बन्धविच्छेद मौलाउँदै जाँदा पारिवारिक मेल र सामाजिक सद्भाव खलबलिने जोखिम बढाएको छ । पश्चिमा संस्कृतिको देखासिकीले नेपाली समाजमा सम्बन्धविच्छेदका घटना बढेका छन् । सहनशीलता, धैर्यता र लचकता टुटाउँदै म पनि ऊभन्दा के कम भन्ने आवेशमा सम्बन्धविच्छेद गर्न चाहनेको संख्या बढ्दा सम्बन्धविच्छेद मौलाउँदो छ । सम्बन्धविच्छेद गर्दा पत्नीले पतिको सम्पत्तिबाट आधा अंश पाउने कानुनी व्यवस्थाले पनि सम्बन्धविच्छेदलाई प्रोत्साहन दिएको हुनसक्छ । सम्बन्धविच्छेदपछि घरबार भताभुङ्ग पारेर ढल्कँदो उमेरमा एक्लो जीवन जिउनु महिला र पुरुष दुबैलाई सहज हुँदैन । सम्बन्धविच्छेदले सन्तानको बिचल्ली हुन्छ । सम्बन्धविच्छेद महिला र पुरुष दुबैका लागि प्रत्युत्पादक र समाजका लागि घातक हुने भएकाले यसप्रति व्यक्ति, समाज र सरकार गम्भीर हुन जरुरी छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	चित्लाङ इलाका	६२१०००
जिल्ला प्रहरी कन्ट्रोल	१००	वारुण यन्त्र	१०१
ट्राफिक प्रहरी	१०३	बालबालिका खोजतलास केन्द्र	१०४
वडा प्रहरी	५२०२९९	बाल हेल्पलाइन	१०९८
पशुपतिनगर इलाका	५२०५९८	हेलो सरकार	११११
मनहरी इलाका	९८५५०९०१६१	नेपाल टेलिकम सोधपुछ	१९७
भीमफेदी इलाका	६९१४६२	एम्बुलेन्स	१०२
पालुङ इलाका	६२०४६७	नेपाल विद्युत प्राधिकरण गुनासो	११५०
फापरबारी इलाका	६२१९८०		

तपाईको राशिफल

पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : दौडधूपमा समय व्यतित हुने योग छ ।
वृष : प्रतिष्ठित काम गर्ने मौका मिल्ने समय छ ।
मिथुन : रोकिएको धन हात पर्ने समय योग छ ।
कर्कट : प्रशासनिक कामहरुको समस्या क्रमश: हल होला ।
सिंह : मर्मत संहारका लागि योजना बनाइने समय छ ।
कन्या : दार्शनिक गतिविधिका काममा सरिक भइएला ।
तुला : कर्मप्रति निष्ठा राखी अघि बढ्दा राम्रो ।
वृश्चिक : सामाजिक कामबाट लाभ प्राप्ति हुनेछ
धनु : धार्मिक एवम् सामाजिक काममा मन जाला ।
मकर : अध्ययन–अध्यापनका कामहरु ठिकै रहलान् ।
कुम्भ : प्रतिस्पर्धाका काममा विजय प्राप्त हुनेछ ।
मीन : धार्मिक यात्रा योगमा सरिक भइने छ ।

बंगलादेश घटनाले निम्त्याएको तरंग

बिशभ अधिकारी

बंगलादेशको शक्तिशाली प्रधानमन्त्री शेख हसिना देश छोडेर भागिन् । शेख हसिना सरकारले लागू गरेको विवादास्पद आरक्षणको विरोधमा बंगलादेशी विद्यार्थीहरूको प्रदर्शनले सार्थकता पाएको छ । बंगलादेशमा बढ्दो आरक्षण विरोधी हिंसा देखेर प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिई विदेश पलायन हुन बाध्य भइन् । गत निर्वाचनमा ३०० सिटमा २२५ सिट जितेर बहूमत ७५% सिट प्राप्त गरेकी बंगलादेशकी प्रधानमन्त्री हसिनाले ७ महिनामै देश छोडेर भाग्नू पर्ने अवस्था आयो । बंगलादेश स्वतन्त्रताको नायक शेख मुजबीर रहमानकी छोरी हुन् शेख हसिना आफ्नो बाबुको नामलाई धूलिसात गर्दै यिनीले देश छोडेर हिँडिन् । बंगलादेशमा स्वतन्त्रता सेनानीका सन्तानलाई जागिरमा ३०% आरक्षणको व्यवस्था छ ।

साउन २१ गते सर्वोच्च अदालतको फैसलापछि आन्दोलन अन्त्य हुने विश्वास थियो तर त्यसो हुन सकेन । आन्दोलन झन् उग्र बन्यो । लगातारको मृत्युका बीच प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिएकी छन् । यस हिंसात्मक आन्दोलनका कारण तीन सयभन्दा बढीको मृत्यु भएको थियो । हिंसा रोक्न देशमा मोबाइल इन्टरनेट सेवा बन्द गरी कर्फ्यू लगाइएको थियो । यसपछि पनि स्थिति नियन्त्रणमा आउन सकेन । बंगलादेशमा जारी हिंसाका कारण भारत र अमेरिकालगायत धेरै देशले आफ्ना नागरिकका लागि नयाँ सल्लाह जारी गरेका छन् । अर्कोतर्फ संयुक्त राष्ट्र संघले पनि हिंसाप्रति चिन्ता व्यक्त गर्दै तत्काल रोक्न अपिल गरेको छ ।

यो कथा सन् १९७१ बाट सुरु हुन्छ । यो त्यो वर्ष थियो जब बंगलादेश स्वतन्त्रता युद्धपछि पाकिस्तानबाट स्वतन्त्र भएको थियो । त्यसको एक वर्षपछि सन् १९७२ मा बंगलादेश सरकारले स्वतन्त्रता सेनानीका सन्तानलाई सरकारी जागिरमा ३० प्रतिशत आरक्षण दियो । सन् १९७२ देखि लागू भएको यो आरक्षण प्रणालीलाई सरकारले २०१८ मा खारेज गरेको थियो । गएको जुन महिनामा उच्च अदालतले सरकारी जागिरमा आरक्षण प्रणालीलाई पुनर्स्थापित गरेको थियो । अदालतले आरक्षण प्रणाली अन्त्य गर्ने निर्णयलाई पनि गैरकानूनी भनेको छ । अदालतको आदेशपछि देशभर चर्को विरोध सुरु भएको छ । तर, बंगलादेशको शेख हसिना सरकारले उच्च अदालतको फैसलालाई सर्वोच्च अदालतमा चुनौती दिएकी थिईन् । सरकारको पुनरावेदनपछि सर्वोच्चले उच्च अदालतको आदेश खारेज गर्दै मुद्दाको सुनवाइ भदौ ७ गते तोकेको थियो ।

प्रधानमन्त्री हसिनाले अदालतको कारबाहीलाई उद्घृत गर्दै आन्दोलनकारीको माग पूरा गर्न अस्वीकार गरेपछि यो विवाद झनै चर्कियो । सरकारको यस्तो कदमका कारण विद्यार्थीहरुले आन्दोलनलाई तीव्र बनाएका थिए । प्रधानमन्त्रीले आन्दोलनकारीलाई ‘रजाकार’ भनेका छन् । वास्तवमा, बंगलादेशको सन्दर्भमा, रजाकारहरू ती हुन् जसलाई सन् १९७१ मा देशलाई धोका दिएको र पाकिस्तानी सेनालाई समर्थन गरेको आरोप लगाइएको थियो । आन्दोलनको केन्द्रबिन्दु बंगलादेशको आरक्षण प्रणाली हो । यस प्रणाली अन्तर्गत स्वतन्त्रता सेनानीका परिवारका लागि सरकारी जागिरमा ३० प्रतिशत आरक्षणको व्यवस्था थियो । सन् १९७२ मा लागू भएको बंगलादेशको आरक्षण प्रणालीमा त्यसयता धेरै परिवर्तनहरु भइसकेका छन् । जब यो सन् २०१८ मा खारेज गरियो, त्यहाँ विभिन्न वर्गहरुको लागि छुट सरकारी जागिरहरुमा आरक्षण थियो । समय-समयमा गरिएका परिवर्तनहरुबाट महिला र पिछडिएका जिल्लाका जनताका लागि १०-१० प्रतिशत आरक्षण गरिएको छ । त्यस्तै धार्मिक अल्पसंख्यकलाई ५ प्रतिशत र अपाङ्गता भएकालाई १ प्रतिशत आरक्षण दिइएको छ । तर, हिंसात्मक प्रदर्शनको बीचमा, जुलाई २१ मा, बंगलादेशको सर्वोच्च अदालतले सरकारी जागिरहरूमा अधिकांश आरक्षण समाप्त गरेको थियो । तर पनि आन्दोलनको उभार रोकिएन लाखौं विद्यार्थी युवाले शेख हसिनालाई देश छोडेर जान बाध्य बनाए ।

बंगलादेशको घटनाले नेपाल पनि तरंगित भएको छ । ईतिहास फर्केर हेर्दा पाकिस्तानका भुट्टोलाई फाँसी दिएको विरोधमा ज्ञापनपत्र बुझाउन जाँदा विद्यार्थीमाथि भएको दमनको बिरुद्धमा उठेको आन्दोलनले अन्ततः सुधारिएको पंचायत र बहुदलीय व्यवस्था बीचको जनमत संग्रहसम्म पुगेको ईतिहास छ । हरेक परिवर्तनका संवाहक युवा विद्यार्थी नै हुन् । बंगलादेश, पाकिस्तान, श्रीलंका, अफगानिस्तानको घटनाबाट नेपालले पाठ सिक्न जरुरी छ । पाकिस्तानमा प्रधानमन्त्री भएका मानिस नै भष्टाचारको आरोपमा जेल गएका छन् । श्रीलंकामा लाखौ मानिसले सडक आर्लेर शासकहरुलाई भगाए । अफगानिस्तानमा तत्कालिन राजालाई खेदेपछिको अवस्था झन अस्थिर छ । यि सबै घटनाको विश्लेषण गर्दा नेपालका दलले आफनो आत्मसमिक्षा निर्ममरुपले गर्न जरुरी छ । हिजो आन्दोलनको नाममा थोपरिएका षड्यन्त्रमूलक ढङ्गबाट लादिएका विदेशी शक्तिको दबावमा स्थापित मुद्दाप्रति जनताको आक्रोश चुलिँदैछ । जातीय आरक्षण, संघीयता, धर्म निरपेक्षता, गणतन्त्र प्रति आम मानिसको धारणा नकारात्मक रहँदै आएको छ । परिवर्तनले नेता र उनका परिवारका जीवन बदलिने जनताको जीवनस्तर चाहीँ झन् झन् खस्किने भएपछि जनतामा ठुलो आक्रोश छ । नेताहरू हामीले व्यवस्था परिवर्तन गर्‍यौं, जेल बस्यौं, संघर्ष गर्‍यौं, त्यो इतिहासको सधैभरि व्याज खाइरहन पाउनु पर्छ भन्ने मानसिकतामा छन् ।

तर आजको पुस्ता नजीता खोज्छन् । तिनलाई हिजो कस्ले संघर्ष गर्‍यो सँग मतलब छैन । आज कस्ले के गर्‍यो त्यो हेर्छन् । ईतिहासप्रति गाम्भिर्यता भएको भए बंगलादेशमा मुजिवर रहमानको शालिक भत्किँदैन थियो । यो जेड पुस्ता (जेनेरेशन जेड) को पुस्ता हो । लगभग २०५०/५१ सालमा जन्मेको ३०/३१ वर्षको यो पुस्ता केपी ओली १४ वर्ष जेल बसेको, प्रचण्डले जनयुद्ध गरेको हिजोको योगदानलाई सम्झी बस्दैन, उस्लाई आज रिजल्ट चाहिएको छ । परिणाम खोज्ने यो पुस्ता जेनेरेशन जेड बंगलादेशमा पनि सडकमा पोखियो । उसले हिजोको स्वतन्त्रता सेनानिको सालिक तोड्यो । विभेदकारी आरक्षणको विरुद्ध प्राण उत्सर्ग गर्‍यो । जनता सडकमा आएपछि जतिसुकै ठूलो बहुमत पनि तासको घर झैं ढल्दो रहेछ । आन्दोलनकै क्रममा अल्पसंख्यक र हिन्दुहरु माथि निर्मम ढंगबाट आक्रमण भएको छ । कट्टरतावादीको यो आपतिजनक कार्यको जति आलोचना र निन्दा गरेपनि कम हुन्छ ।

भर्खर हामीकहाँ पनि कांग्रेस-एमालेको दुईतिहाई नजिकको बलियो सरकार निर्माण भएको छ । गणितीय आधारमा ढुक्क भएका नेताहरु बंगलादेशको घटनाले बहुमत त जनता सडकमा ओर्लेपछि निमेषभरमै सिद्दिनै रैछ भन्ने हेक्का भयो होला । जनताको बलको सामू सबै निरिह नै हो । नेपालमा पनि अब वास्तविक रुपमा भ्रष्टाचार/लुटको बिरुद्ध, संघीयताको खारेजी र वर्गीय आधारमा आरक्षणलाई लागु नगर्ने हो भने अब नेपालबाट नेताहरु लेखेटिने दिन धेरै टाढा छैन । यहाँ पनि जनताको आक्रोश र बिद्रोह भूसको आगो झैं भित्र-भित्र सल्किँदै छ । जुनसुकै बेला पनि यसले आँधिबेहेरी सिर्जना गर्न सक्छ । तसर्थ जनताको मनोभावना बुझौं सच्चिएर अघि बढौं । जनताले निरन्तर उठाईरहेका मुद्दामा ध्यान दिउँ । अन्यथा राम राम मात्र भन्न सकिन्छ.काककघ थाप्न सकिँदैन । अस्तू ।

नेपाली जनताले चाहेको

प्रा.डा. हरि शर्मा

मुलुकमा राजनीतिक स्थायित्व ल्याउने, भ्रष्टाचारलाई निर्मूल पार्ने, सुशासनका निम्ति समुचित पाइला चाल्ने, रोजगारीका नयाँ अवसरहरूको सृजना गर्ने र खस्किँदै गरेको अर्थतन्त्रलाई सुदृढ पार्नेजस्ता आमजनताले चाहेको अनेकौं एजेन्डालाई आफ्नो मूल उद्देश्य बनाउँदै सातबुँदे सहमतिका माध्यमबाट वर्तमान त्रिताले गठबन्धने सरकारको गठन भएको जगजाहेरै छ ।

अहिलेसम्म संसद्मा पनि विभिन्न जरुरी मुद्दाउपर विचार-विमर्श र छलफल भइराखेकै छन् । जुन सरकारका नियमित कुरा हुन् । त्यसलाई पनि आमनागरिकले सहजै रूपमा लिए र नयाँ सरकार त्रिशंकु नै भए तापनि जनताका आशा-आकांक्षाहरू स्वत:स्फूर्त अभिवृद्धि हुँदै जानु कुनै नयाँ-नौलो विषय होइन । तर, संसद्मा अधिकांश मत पाएका दुई दलले नै मिल्न सहमत भएर सरकार गठन गर्छन् भने त्यहाँ संविधानको कुनै दफाले रोक्ने ठाउँ रहँदैन तापनि बहुदलीय लोकतान्त्रिक परिपाटीमा अन्य स-साना दलहरू मिलेर एउटा प्रभावशाली विपक्षीको भूमिका निर्वाह गर्नु नै पर्ने हुन्छ । त्यसले पनि अहिलेको सरकार गठनलाई रत्ति मात्र पनि हल्लाउन नसक्ने अवस्थालाई प्रस्ट पारेको छ ।

लोकाचारका निम्ति विरोधी बेन्चका सांसदहरूको भनाइलाई सुनेजस्तो गरेर आफ्नै कर्मचारीतन्त्र र संयन्त्रउपर ‘हिट्लरिज्म’ बढ्दै गरेको गम्भीर गुनासो अहिले हाम्रो समाजमा व्यापक रूपले फैलिँदै गइराखेको देखिन्छ । झन्डै ३०-४० अर्ब घाटामा चलिरहेको नेपाल विद्युत प्राधिकरणलाई ऋणमुक्त गराई सम्पूर्ण देशैभरि बिजुली बत्तीको झिलिमिली विस्तार गर्न सफल अहिलेको प्राधिकरण नेतृत्वलाई डेडिकेटेड र ट्रंकलाइन बक्यौता असुलीको कार्यबाट विचलित गराउने नियतको ‘बक्यौता मिनाहा गरिदिनु’ जस्तो निर्देशनबाट देशलाई आर्थिक संकटबाट बचाउनुपर्छ भन्ने उद्देश्यले राष्ट्रसेवामा अहोरात्र जुटेर काम गर्नेहरूको मस्तिष्कमा कस्तो प्रकारको मनोवैज्ञानिक डाम पर्दै जाला भन्ने किञ्चित केही नसोची एक्कासि बक्यौता नबुझाउनेहरूको मनोबल बढाउँदै उनको पक्षमा प्रमले प्वाक्क बोलिदिनु के जरुरी थियो ?

तत्सम्बन्धमा गत पुसमै गठित जाँचबुझ आयोगले बुझाएको प्रतिवेदनकै आधारमा प्राधिकरणले उद्योग सञ्चालकहरुलाई बक्यौता बुझाइदिन भनेको नमानेपछि ६ वटा उद्योगको बिजुलीको लाइन काटिएको थियो । के त्यो अनुचित थियो ? वा प्रमलाई नसोधीकन त्यस्तो गर्न नपाइने थियो ? डिडिसीले दुग्ध कृषकसँग ६० रुपैयाँमा किनेर नागरिकलाई त्यही दूध झन्डै १ सयमा बेचिरहेको, लाखौं कृषकलाई तिर्नुपर्ने रकम नतिरेको र अर्थ मन्त्रालयले ती किसानलाई तिर्नुपर्ने तिर्नु भनेर दिएको १३ करोड रुपैयाँ पनि आफ्नै तलबभत्ता बढाएर पचाइदिएको यथार्थतातिर नेतृत्वको ध्यान नपुग्नुलाई कस्तो खालको सुशासनको पाइला भनेर बुझ्ने तमाम देशप्रेमी भुइँमान्छेहरूले ? देशमा आर्थिक गतिविधि तीव्र छ, नेप्से सूचकांक बढेको बढ्यै छ, बैंकले अर्बौंको खुद नाफा आर्जन गरेका छन् जस्ता हल्लाले गर्दा अर्थतन्त्रलाई लयमा फर्कन बामे सर्दै गरेको अवस्थामा फेरि आघात पुर्‍याउने काममा सरकारको निगरानी रहनु अत्यन्तै आवश्यक छ । अर्थमन्त्रीले स्वीकारोक्तिको भाषामा हालै ललितपुरमा भनिसक्नुभएको छ, ‘समग्रमा भन्दा नेपाली अर्थतन्त्र शिथिल नै छ ।’

एसइई परीक्षामा पास प्रतिशत थोरै भयो, १२ को परीक्षामा पनि पास प्रतिशत थोरै भयो भनेर सम्पूर्ण अनुत्तीर्णलाई यसै वर्ष पुन: परीक्षा लिने र सुक्दै गएका नेपालका क्याम्पस र क्याम्पसजीवीहरूलाई पुनर्जीवन प्रदान गराउन खोजिएको शैक्षिक माफियाहरूको कर्तुततर्फ सरकारको दृष्टि नपुग्नुलाई के भन्ने ? सुनिन्छ, सरकारले वर्षौंदेखि आफ्ना ज्येष्ठ नागरिकलाई प्रदान गर्दै आइरहेको ‘भत्ता’ मा धेरै प्रतिशतले वृद्धि हुँदै जाँदा अहिले राज्यलाई आर्थिक बोझ बढिरहेको छ, त्यसो भन्ने जिम्मेवार राष्ट्रसेवकहरूले कस्ता-कस्ताले त्यस्ता भत्ता पचाइरहेछन् तर्फ ध्यान दिनुपर्ने हो कि होइन ? अवकाशप्राप्तहरूले पेन्सन पचाउने, अर्को ठाउँमा सेवा गरी तलब पनि खाने अनि सरकारको वृद्धभत्ता पनि हसुर्नेजस्ता प्रवृत्तितर्फ सरकारको ध्यान नपुगेसम्म सुशासन र आर्थिक सुधारका मिथ्या वाचा व्यर्थ छन् भन्ने बुझे हुन्छ । बरु हाम्रो जस्तो सानो क्षेत्रफल भएको देशमा खर्बौंको अर्थले नपुग्ने प्रदेश पाल्ने ? त्यो खारेज गरौं ।

प्रमले हालै भनेका कुरा, ‘गुटबन्दी गरेर, पक्ष-विपक्ष गरेर, जालझेल गरेर कोही सफल हुँदैन’ महत्वपूर्ण छन् तर लोकतन्त्रमा सफलताको साँचो त्यहीं लुकेको हुन्छ, गुटबन्दी, पक्ष-विपक्ष र जालझेलभित्रै । अहिलेसम्म लोकतान्त्रिक मुलुकमा घटिरहने विविध घटनाले यिनै सत्यतथ्यलाई पुष्टि गरेको पाइन्छ । सुखी नेपाली समृद्ध नेपालको नारा लिएर विगतमा प्रमले देशवासीको हित र कल्याणका लागि धेरै नै गहकिला कार्यक्रम

...बाँकी पृष्ठ ३ मा

सिस्नुपानीको गाईजात्रालाई वडाको सहयोग

गाईजात्रा प्रहसनबारे जानकारी गराउन आयोजित पत्रकार सम्मेलनमा वडाअध्यक्ष र आयोजक ।

समाज संवाददाता

हेटौँडाः सिस्नुपानी नेपाल मकवानपुरले आगामी भदौ ३ गते गाईजात्रा विशेष हास्यव्यङ्ग्य कार्यक्रम गर्ने भएको छ। हेटौँडा उपमहानगरपालिका ४ न नम्बर वडा कार्यालयको सहयोगमा गाईजात्रा विशेष हास्यव्यङ्ग्य कार्यक्रमको आयोजना गर्ने भएको हो। शनिबार हेटौँडा-४, स्थित सिस्नुपानी मकवानपुर र साहित्य संगम मकवानपुरको संयुक्त सभाहलमा पत्रकार सम्मेलनको आयोजना गर्दै संस्थाका उपाध्यक्ष तथा कार्यक्रम संयोजक मीन प्रसाद लामिछानेले कार्यक्रमको बारेमा जानकारी दिनुभएको छ ।

लेखन, कविता, प्यारोडी गायन, समसामयिक राजनीति, सामाजिक क्षेत्रमा नकारात्मक पक्षको न्यूनीकरण गर्नका लागि मनोरञ्जनात्मक ढंगले गाईजात्र विशेष कार्यक्रम गर्न लागेको लामिछानेले बताउनुभयो। कार्यक्रममा मनोरञ्जनात्मक क्यारिकेचर, प्यारोडी गायन, सामाजिक मुद्दा माथिको नाटक प्रस्तुती, पेचिलो हास्यव्यङ्ग्य अन्तरवार्ता, हास्यव्यङ्ग्य कविता, हास्यव्यङ्ग्य बजेट भाषण र वाद्यवादनको प्रस्तुती रहने उहाँले बताउनुभयो । राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक लगायतको क्षेत्रमा हास्यव्यङ्ग्य मार्फत आवाज बुलन्द गर्दै आएको सिस्नुपानी नेपाल मकवानपुरले मकवानपुरमा २०७८ सालदेखि गाईजात्रा विशेष हास्यव्यङ्ग्य कार्यक्रम आयोजना गर्दै आएको उहाँले बताउनुभयो। कार्यक्रम हेटौँडा-४ स्थित ओम्याक्स सिनेमा हलमा हुनेछ ।

पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलले स्थानीय कलाकारहरुको प्रतिभा, क्षमता र हरेक पक्षलाई देखाएर समाजको मुल्य मान्यतालाई झल्काउने उद्देश्यले बढीमा एक लाख रुपैयाँको बजेटमा कार्यक्रम गर्न लागेको बताउनुभयो । गाईजात्रा कार्यक्रममा मकवानपुरका विविध क्षेत्रमा क्रियाशील व्यक्तित्वहरुको उल्लेख्य सहभागिता रहने र प्रवेश निशूल्क रहने वडाअध्यक्ष सिग्देलले बताउनुभयो । संस्थाले हास्यव्यङ्ग्य कविताको माध्यमबाट विभिन्न सन्देश प्रभाव गर्दै आएको अध्यक्ष सिग्देलले बताउनुभयो। वडाले संस्थासँग सम्बन्धित कार्यक्रमहरुमा सहकार्य गरेर सहयोग गर्दै आएको उहाँको भनाई छ । सिस्नुपानीका अध्यक्ष राजकुमार लामिछानेको सभाध्यक्षमा भएको पत्रकार सम्मेलनमा सल्लाहकार श्याम कुमार बानियाँ, साहित्य संगमका अध्यक्ष डीबी बर्तौला लगायत विभिन्न साहित्यकारहरुको उपस्थिति रहेको थियो ।

कुल विद्युत् जडित क्षमता ३१ सय ५७ मेगावाट

काठमाडौँः नेपाल विद्युत् प्राधिकरणले देशको कुल विद्युत् जडित क्षमता ३ हजार १ सय ५७ मेगावाट पुगेको जनाएको छ । शुक्रबार दोस्रो कार्यकालको तीन वर्ष उपलब्धि सार्वजनिक गर्दै कुलमान घिसिङले प्राधिकरणका सहायक कम्पनी र निजी क्षेत्रका आयोजनाहरु गरी कुल जडित क्षमता ३१ सय ५७ मेगावाट पुगेको बताएका हुन् ।

विगत आठ वर्षमा मात्रै २ हजार ३ सय मेगावाट थप गरिएको प्राधिकरणले जनाएको छ । घिसिङले विगत ३ वर्षमा १७ सय ६ मेगावाट थपिएको बताएका हुन् । 'विद्युत् जडित क्षमतामा सबैभन्दा बढी ९५ प्रतिशत अर्थात २९ सय ९१ मेगावाट योगदान जलविद्युत्कै छ,' घिसिङले भने, 'थर्मल ऊर्जा ५३ मेगावाट, सौर्य ऊर्जा १ सय ७ मेगावाट र वायोमास उर्जा ६ मेगावाट छ ।'

आठ वर्षअघिसम्म विभिन्न कारणले ठप्प रहेको निजी क्षेत्रका विद्युत आयोजनाहरुसँगको विद्युत खरिद बिक्री सम्झौता (पीपीए)लाई खुल्ला गरी जलाशययुक्त, पिकिङ रन अफ रिभर, रन अफ द रिभर र सौर्य ऊर्जाका लागि छुट्टाछुट्टै दर तय गरिएको प्राधिकरणले जनाएको छ । पछिल्लो समय नेपालको जलविद्युत्मा स्वदेशी तथा विदेशी लगानीकर्ताको आकर्षण बढेको समेत घिसिङले बताए । 'आठ वर्ष अघि २८ सय मेगावाटको मात्र विद्युत खरिद सम्झौता गरिएको थियो, निजी क्षेत्रका आयोजनाहरुलाई प्रोत्साहन गर्न लिइएका नीतिका कारण अहिले १० हजार ३ सय मेगावाट भन्दा बढीको विद्युत खरिद सम्झौता भइसक्यो,' घिसिङले भने ।

सन् २०२८/२९ मा नेपालको जडित क्षमता झण्डै १० हजार मेगावाट पुग्ने प्राधिकरणको प्रक्षेपण छ । 'ती लक्ष्य पूरा गर्न करिब ७ हजार मेगावाटका आयोजनाहरु निर्माणका विभिन्न चरणमा छन्, थप करिब १० हजार मेगावाटका आयोजनाहरु विद्युत खरिद सम्झौताको प्रक्रियामा छन्,' घिसिङले भने, 'सौर्य विद्युत उत्पादनलाई प्राथमिकतामा राखी प्राधिकरणले थप ८०० मेगावाट सौर्य विद्युतको पिपिए गर्न बोलपत्र आह्वान गरेको छ ।'

पछिल्लो समय आम्दानी बढाउँदै लगेको प्राधिकरणले प्रसारणलाइन मात्र नभई विद्युत् उत्पादनमा पनि लगानी बढाएको छ । प्राधिकरणको सहायक कम्पनीमार्फत १४० मेगावाटको तनहुँ जलाशययुक्त, ४० मेगावाटको राहुघाट र ३७ मेगावाटको माथिल्लो त्रिशूली ३ बी, रोलवालिङ २० मेगावाटका आयोजनाहरु निर्माणाधीन छन् । प्राधिकरणको सहायक कम्पनी चिलिमेको अगुवाइमा निर्माणाधीन २७० मेगावाटका आयोजनाहरु सञ्चालनको अन्तिम चरणमा छन् । चिलिमे जलविद्युत कम्पनीले करिब ३०० मेगावाटका थप जलविद्युत आयोजनाहरु अगाडि बढाएको छ ।

प्राधिकरणका अनुसार ४२ मेगावाटको माथिल्लो मोदी 'ए', १८.२ मेगावाटको माथिल्लो मोदी, २१० मेगावाटको चैनपुर सेती, ९९ मेगावाटको तामाकोशी पाँचौको निर्माण सुरु भएको छ । एक हजार ६३ मेगावाटको माथिल्लो अरुण र ६७० मेगावाटको दूधकोशी जलाशययुक्त जलविद्युत आयोजनाहरु वित्तीय व्यवस्थापन गरी निर्माणमा जाने अवस्थामा पुगेका छन् ।

६८३ मेगावाटको सुनकोशी-३ जलाशययुक्त जलविद्युत् आयोजना नेपाल र बंगलादेशका सरकारी निकायको लगानीमा निर्माण गर्ने गरी अगाडि बढाइएको प्राधिकरणले जनाएको छ। दक्षिण एसियाली क्षेत्रकै नमुना परियोजनाका रुपमा अगाडि बढाउन सकिने १० हजार ८०० मेगावाटको कर्णाली (चिसापानी) बहुउद्देश्यीय जलाशययुक्त आयोजनाको विस्तृत अध्ययन प्रक्रिया सुरु गरिएको छ ।

दैनिक माग र आपूर्ति बीचको उतारचढावलाई व्यवस्थापन गरी प्रणालीलाई भरपर्दो र गुणस्तरीय बनाउन देशका विभिन्न ठाउँमा करिब ४२ हजार मेगावाटका पम्प स्टोरेज जलविद्युत आयोजनाहरुको पहिचान गरी केही उत्कृष्ट आयोजनाहरुको थप अध्ययन अगाडि बढाइएको प्राधिकरणले जनाएको छ ।

स्रोतः इकान्तिपुर ।

नेपाली जनताले...

नल्याउनुभएको होइन, तर लोकतन्त्रमा उहाँ मात्रै दूधमा नुहाउनुभएको त पक्कै होइन होला ।

गत चार वर्षमा पनि त्यहाँ थप अर्बौं रुपैयाँ पुगे होलान् । इमानदारी र मेहनतले कमाएको धन कसैले किन वैदेशिक बैंकमा लगेर राख्ला ? प्रश्न उठ्छ। कतिले नेपालमा रहेको आफ्नो घरजग्गा बेचेर अस्ट्रेलिया र अमेरिकामा घरजग्गा किनेर अमेरिकी वा अस्ट्रेलियाली नागरिक बनेर बस्न गएका छन् । हजारौंको संख्यामा प्रतिदिन हाम्रा युवाहरूले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति पाउने गरेका छन्, गरिब बनेर परिवारलाई गरिबीको इनारमा धकेलेर मात्र एक थरी म्यानपावरहरूलाई पोसाएर विदेशका फुटपाथहरूमा हन्डर खाँदै हिंडेका नेपाली युवाका धेरै उदाहरण छन् । गत एक वर्षमै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सरदर १३ सय नेपाली युवाको लास बाकसमा आएको छ । सरकारी कुनै टोलीमा सरिक भएर, खेलाडी बनेर वा पर्यटक प्रवेशाज्ञामै भए पनि विदेशको गन्तव्यमा पुगेर स्वेच्छाले हराउनेहरूको संख्याको कुनै अभिलेख छैन, तर संख्या निश्चय नै धेरै छ। नक्कली शरणार्थीको खोल किनेर अनि त्यही खोल ओढेर अमेरिका पुग्नेहरूको संख्या पनि त के थोर होला ? सरकारको ध्यान आफ्ना त्यस्ता नागरिकतर्फ पुग्नुपर्ने हो कि होइन ?

वर्षौंवर्षदेखि बिजुलीको २२ अर्ब २६ करोड रुपैयाँ बक्यौता नबुझाएर कसैको उद्योग बन्द हुन्छ भने सरकारको टाउको दुःखाइ किन ? त्यसको छिनोफानोका लागि अदालतै छ। बक्यौता लिने र दिनेबीचको विषयमा ठाडो निर्देशन दिएर प्रमले आफैंले भनेका कुरा काट्नु समुचित भएन कि ? गृहमन्त्रीले दोहोऱ्याइरहने विधि त्यही हो र ? गत महिना दाङमा ८ सय उद्योग बन्द भए, यसपटक स्याङ्जामा ४ सय ६० उद्योग खारेजीमा परे। जनताले केही गर्छ भनेर चलाएका उद्योगलाई पर्ने पीरमर्काको उपचारतर्फ सरकारले आफ्नो स्थानीय संयन्त्र परिचालित गर्नुपर्ने देखिन्छ । निर्दलीय पञ्चायती व्यवस्थादेखि आजको संघीय लोकतान्त्रिक व्यवस्थासम्मको हाम्रो लामो राजनीतिक यात्रामा अनगिन्ती उतारचढाव आए, नेपाली जनताले कल्पनै नगरेका दुःखद घटना घटे, नेपालको आर्थिक, राजनीतिक तथा सामाजिक व्यवस्थामा समयानुकूल परिवर्तनका धेरै-धेरै चिह्न कोरिए ।

ऐतिहासिक उथलपुथलपश्चात् हामी र हाम्रो राजनीतिक आचरणमा पनि स्वागतयोग्य भिन्नता आउन थाले । तर, अहिले पनि हामी समाजवादी कल्याणकारी राज्यदेखि टाढै छौं । हाम्रा दृष्टिकोण र क्रियाकलापहरू समाज निर्माणतर्फ नभई व्यक्तिवादमै अडिएको भान हुन्छ। उपर्युक्त सम्पूर्ण परिवर्तनका बावजुद हामी हिजो जे गर्दै थियौं, त्यही गरिरहेका छौं। पुराना कुराको नै पुनरावृत्ति भइराखेको छ र हामी पर्खी बसिरहेका छौं– यथास्थितिमा कहिल्यै नपाइने– नयाँ प्रतिफलको ! कांग्रेस, एमाले र माओवादी सबै आइरिस मूलका नाटककार स्यामुयल बैंकेटको विश्वप्रसिद्ध नाटक 'वेटिङ फर गोडोटमा कहिल्यै नभेटिएको र भेटिने कुनै निश्चितता पनि नरहेको गोडोट' लाई पर्खेर बसिरहेका पात्रझैँ हुन गएको आभास हुन्छ। हामीले राज्यमा गर्न चाहेको के हो ? त्यसका लागि हाम्रा अडानहरुमा एकरुपता कसरी ल्याउने ? संविधानलाई नै 'गीता' मानेर कसरी आ-आफ्ना राजनीतिक अभीष्ट पूरा गर्ने ? नयाँ पिँढीबाट उदाएका नेतृत्वहरुसँग कसरी हातेमालो गर्दै मुलुकलाई प्रगतिपथमा अघि बढाउँदै लैजाने ? अन्ततोगत्वा नयाँ पिंढीलाई नै हामीले 'यो सानो दुःखले आर्ज्याको मुलुक होइन' भन्दै यो देश सुम्पिनुपर्नेछ ।

समय थोरै छ, काम धेरै छ, त्यसैले होस, बुद्धि, विवेक र मानवीय संवेदनशीलता नगुमाईकन भाषणका बलमा अथवा जनतामा बाँड्ने निरर्थक प्रलोभनको मायावी छडीका भरमा पनि होइन, हिन्दी सिनेमामा देखिने एक दिनको प्रम बनेर दिइने निर्देशनका भरमा पनि नभई देश र देशवासीको इच्छा, आकांक्षा र आवश्यकतालाई अर्जुनदृष्टिमा राखेर हामीले आफ्नो निष्ठा र जिम्मेवारी विधिपूर्वक पूरा गर्नुपर्ने आजको समयको अपरिहार्यता हो ! हाम्रो देशमा झन्डै ८ सय ६० भन्दा बढी जातका चराचुरुङ्गी पाइन्छन् । विधि कुन चराको नाम हो ? मित्रराष्ट्र बंगलादेशका पत्रकार र सामाजिक अभियन्ता शाहिदुल आलमले दक्षिण एसियाका शासकलाई बंगलादेशको सन्देशस्वरूप भनेका छन्ः 'जनतालाई तुच्छ र मुर्ख नठान्नुस्, हाम्रा नेतागणले मनन गर्नुपर्ने त्यो एउटा ठूलो पाठ हो, गत संसदीय समितिको बैठकमा प्रमले बोलेका सम्पूर्ण कुराको अक्षरशः पालना होस् । नेपाली जनताले चाहेको त्यही हो ।' *(स्रोतः कारोबारदैनिक)*

नागरिकताभन्दा राहदानी लिने धेरै

वालिङ (स्याङ्जा)ः स्याङ्जामा एक वर्षको अवधिमा नागरिकता लिनेभन्दा राहदानी बनाउनेको संख्या बढी रहेको पाइएको छ । आर्थिक वर्ष २०८०/८१ मा जिल्ला प्रशासन कार्यालय स्याङ्जा र इलाका प्रशासन कार्यालय वालिङबाट नागरिकता बनाउनेभन्दा राहदानी लिनेको संख्या पाँच हजारभन्दा बढी रहेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी दीपक पौडेलका अनुसार आव २०८०/८१ मा स्याङ्जाबाट नौ हजार चार सय ८७ जनाले नागरिकता लिएका थिए। सोही अवधिमा चौध हजार आठ सय २२ जनाले राहदानी लिएका छन् । जिल्ला प्रशासन कार्यालय स्याङ्जा र इलाका प्रशासन कार्यालय वालिङबाट कूल १५ हजार एक सय ९३ राहदानी सिफारिस गरिएको थियो । सिफारिस गरिएका राहदानी बनेर आए पनि व्यक्ति लिन नआउँदा सिफारिसभन्दा वितरण थोरै देखिएको हो । गत आवमा राहदानी बनाएकामध्ये तीन सय ७१ राहदानी वितरण गर्न बाँकी नै रहेको उनले बताए ।

सदरमुकामस्थित जिल्ला प्रशासन कार्यालय र वालिङस्थित इलाका प्रशासन कार्यालयबाट नागरिकता तथा राहदानी वितरण हुँदै आएको छ। जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट आव २०८०/८१ मा प्रतिलिपिबाहेक वंशजका आधारमा र गैरआवासीय नागरिकता चार हजार नौ सय चार वितरण गरिएको सूचना अधिकारी पौडेलले बताए । सोही अवधिमा इलाका प्रशासन कार्यालय वालिङबाट चार हजार पाँच सय ८३ नागरिकता वितरण भएका थिए । दुवै कार्यालयबाट गत आवमा कूल नौ हजार चार सय ८७ नागरिकता वितरण भएका थिए।

स्याङ्जाबाट वैवाहिक अङ्गीकृत नागरिकता २४ वितरण भएका सूचना अधिकारी पौडेलले बताए । स्याङ्जाबाट १९ र वालिङबाट पाँच वैवाहिक अङ्गीकृत नागरिकता वितरण भएका थिए । कूल चौध हजार आठ सय २२ राहदानीमध्ये स्याङ्जाबाट सात हजार चार सय ४३ र वालिङबाट सात हजार तीन सय ७९ वितरण भएका थिए । 'जिप्रका तथा इप्रकाबाट नागरिकताभन्दा राहदानी लिने सेवाग्राही बढी छन्', उनले भने, 'अध्ययन, रोजगारीका लागि तथा घुम्न जाने, तत्काल आवश्यक नपरे पनि बनाएर राख्ने तथा चाहिँदा तत्काल प्रयोग गर्न पाइने भएकाले पनि राहदानी बनाउनेको सङ्ख्या धेरै देखिएको हो ।' *स्रोतः अनलाइनखबर ।*

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

एसईई ग्रेडवृद्धि परीक्षाको चौथो दिन ३८ जना अनुपस्थित

समाज संवाददाता

हेटौँडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को ग्रेडवृद्धि (पूरक) परीक्षा बुधबारदेखि सुरु भएको छ । शनिबार भएको विज्ञान तथा प्रविधि विषयको परीक्षामा ३८ जना अनुपस्थित भएको परीक्षा फोकल पर्सन सरला अधिकारीले जानकारी दिनुभयो ।

विज्ञान विषयको परीक्षाका लागि १ हजार ८ सय ३ जनाले परीक्षा फारम भरेकोमा ३८ जना अनुपस्थित भएका हुन् ।

यस्तै, शुक्रबार भएको अनिवार्य गणित विषयको परीक्षामा ४७ जना विद्यार्थी अनुपस्थित भएका छन् । परीक्षाका लागि २ हजार ७ सय २७ जनाले परीक्षा फारम भरेकोमा ४७ जना विद्यार्थी अनुपस्थित भएको उहाँले जानकारी दिनुभयो। बुधबार देखि सुरु ग्रेडवृद्धि परीक्षा ३१ गतेसम्म सञ्चालन हुनेछ ।

CLASSIC TECH
झ्यौं कि चल्यौ
पोल पोल मा
फ्री Wi-Fi खोज्दै ?
अब,
आफ्नो घर, आफ्नै नेट
IPTV
IPTV Rs. ~~450/-~~ Rs. 250/- per mo*
७५ Mbps Internet TV
रु २६६/- प्रति महिना
जडान खर्च रू ३/- मात्र ।
9801004477 / 9802922304
www.classic.com.np

स्ववियुको आयोजनामा विद्यार्थीका लागि कार्यशाला

कार्यशालामा सहभागी विद्यार्थीहरु ।

समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय युवा दिवसको सन्दर्भमा हेटौंडा क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनले युवाका लागि सीप विकास, वित्तीय साक्षरता, करियर परामर्श र उद्यमशीलता सम्बन्धी एक दिवसीय कार्यशालाको आयोजना गरेको छ । शनिबार आयोजना गरिएको कार्यशालामा कक्षा ११ र १२ तथा स्नातक तहमा अध्ययनरत हेटौंडा नगरका विभिन्न शैक्षिक संस्थाबाट २ सय २५ जना विद्यार्थीको सहभागिता रहेको थियो ।

कार्यशालाको उद्घाटन कार्यक्रम संघीय सरकारका मुख्य सचेतक महेशकुमार बर्तौलाको प्रमुख आतिथ्य तथा स्ववियु अध्यक्ष अभि मैनालीको अध्यक्षतामा भएको हो ।

कार्यशालाको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै संघीय सरकारका मुख्य सचेतक महेशकुमार बर्तौलाले युवाले देशको बारेमा सोँच्नु पर्ने बताउनुभयो । युवा पुस्ताले आफ्नो क्षमता विकासमा ध्यान दिनुपर्नेमा जोड दिनुहुँदै मकवानपुर क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य बर्तौलाले कानुन निर्माणका लागि आवश्यक सुझाव दिन कार्यशालामा सहभागी युवालाई आग्रह समेत गर्नुभयो । उहाँले युवाका आवश्यकता र अपेक्षा अनुरुप कानुन निर्माण गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

युवाले आफ्नो व्यक्तिगत जीवनका लागि मात्रै नभएर समाज र मुलुकका लागि सक्रिय हुनुपर्ने धारणा राख्नुहुँदै बर्तौलाले युवालाई सहजीकरण गर्न आफू तयार रहेको बताउनुभयो । वर्तमान सरकारले युवालाई रोजगारी र अवसर प्रदान गर्ने अठोट लिएको उल्लेख गर्नुहुँदै उहाँले युवाले देश छाड्नुपर्ने अवस्था नहोस् भनेर सरकारले काम गरिरहेको दावी गर्नुभयो । युवा जागरुक हुनु पर्ने उहाँको भनाइ थियो ।

कार्यशालामा सुरेश श्रेष्ठ, दीपक सुवेदी, छवि अनित्य, विवश जंग थापा, आयुष डोटेल, श्याम कुमार कुशवाह, सविना खातुन, प्रकाश चापागाई र श्याम दाहालले सहजीकरण गर्नुभएको थियो । हेटौंडा क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष अभि मैनालीले विद्यार्थी साथीहरुको व्यक्तित्व विकासका लागि निरन्तर क्रियाकलाप गरिने जानकारी दिनुभएको छ ।

हेटौंडा उपमहानगरले शिक्षक बैंक बनाउँदै

परीक्षामा २२१ जना सहभागी, ४० जना अनुपस्थित

प्रारम्भिक बालविकास कक्षाको सहयोगी कार्यकर्ताका लागि परीक्षामा सहभागी परीक्षार्थीहरु ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले शिक्षक बैंक स्थापनाको प्रक्रियाअन्तर्गत शनिबार परीक्षाको चरणमा पूरा गरेको छ । शिक्षक बैंकमा आवद्ध हुन आव्हान गरेको उपमहानगरपालिकाले लिएको परीक्षामा दुई सय २१ जना सहभागी भएका छन् । दुई सय ६१ जनाले फारम भरेकोमा ४० जना परीक्षामा अनुपस्थित भएको हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका अधिकृत राजमणि अधिकारीले जानकारी दिनुभयो ।

शिक्षा महाशाखाले प्रारम्भिक बालविकास कक्षा, प्राथमिक, निमावि र मावि तह गरी चार तहमा फरक फरक आवेदन आव्हान गरेको थियो । प्रारम्भिक बालविकास कक्षाको शिक्षकको रुपमा शिक्षक बैंकमा आवद्ध हुन ८७ जनाले आवेदन दिएकोमा ७४ जना मात्रै परीक्षामा सहभागी भएका छन् । यस्तै प्राथमिक तहमा ९६ जनाले आवेदन दिएकोमा ८४ जना, निमावि तहमा ६२ जनाले आवेदन दिएकोमा ४९ जना र मावि तहमा १६ जनाले आवेदन दिएकोमा १४ जनाले मात्रै परीक्षा दिएका छन् ।

प्रारम्भिक बाल विकास कक्षाका सहयोगी कार्यकर्ताका लागि ३ घण्टाको परीक्षा लिइएको छ । १०० पूर्णाङ्कको परीक्षामा सहभागी मध्ये ४० अङ्क हासिल गर्ने परीक्षार्थी उपमहानगरले स्थापना गर्ने शिक्षक बैंकको सूचिमा समावेश हुनेछ । प्राथमिक, निमावि र मावि तहका लागि भने एक घण्टाको प्रारम्भिक परीक्षा लिइएको शिक्षा महाशाखाका प्रमुख सीताराम कोइरालाले जानकारी दिनुभएको छ । प्रारम्भिक चरणको बस्तुगत परीक्षामा ५० प्रतिशत अंक हासिल गर्ने परीक्षार्थीले विषयगत परीक्षामा सहभागी हुनुपर्नेछ । प्रारम्भिक चरणको परीक्षाको नतीजा एक साताभित्र सार्वजनिक हुने बताइएको छ ।

हेटौंडा उपमहानगरपालिकाले पहिलो पटक शिक्षक बैंक स्थापना गर्न लागेको हो । विद्यालयमा शिक्षकको अभाव नहोस्, कार्यरत शिक्षक लामो विदामा बस्नुपर्ने अवस्थामा शिक्षक बैंकमा सूचीकृत शिक्षकलाई खटाउने गरी हेटौंडा उपमहानगरपालिकाले कार्यविधि बनाएर शिक्षक बैंक स्थापना गर्न लागेको हो ।

मकवानपुरका मोक्तान यु-२० राष्ट्रिय टिममा

समाज संवाददाता

हेटौंडाः यु-२० को राष्ट्रिय टिममा मकवानपुरका गोलरक्षक कृशल मोक्तान छनोट भएका छन् । अखिल नेपाल फुटबल संघ (एन्फा) यु-२० को राष्ट्रिय प्रतियोगिताका लागि शनिबार २३ सदस्यीय टोलीको अन्तिम नाम घोषणा गर्दा मकवानपुरका गोलरक्षक मोक्तान राष्ट्रिय टिममा छनोट भएका हुन् ।

काठमाडौंमा भदौ २ गतेदेखि १२ गतेसम्म हुने साफ यु-२० च्याम्पियनसीप प्रतियोताका लागि राष्ट्रिय टिम घोषणा गर्दा मकवानपुरका मोक्तान छानिएका हुन् । मोक्तानले यु-२० राष्ट्रिय प्रतियोगितामा सहभागी जनाउन पाउनेछन् । मोक्तानले यु-१७ राष्ट्रिय प्रतियोगितामा सहभागी भएर उत्कृष्ट प्रदर्शनी गरेका थिए ।

श्रीलंकामा करिब २ वर्ष अघि सेप्टेम्बर महिनामा भएको यु-१७ पुरुष च्याम्पियसनसीपको प्रतियोगितामा सहभागी भएका मोक्तानले विभिन्न प्रतियोगिताहरुमा उत्कृष्ट प्रदर्शनी गरेका छन् । मोक्तानसहित २३ सदस्यको नाम घोषणा गर्दा जियारत शेख र विशाल केसी पनि गोलरक्षकमा छनोट भएका छन् ।

प्रतियोगिताअन्तर्गत उद्घाटन खेलमा घरेलु टोली नेपाल र श्रीलंकाबीच प्रतिस्पर्धा हुनेछ भने भदौ ६ गते नेपाल र बंगलादेशबीच प्रतिस्पर्धा हुनेछ । नेपालको राष्ट्रिय टिममा सिमन्त थापा, अस्विन घोरासैनी, बिक्रम तामाङ, आयुष तिमल्सिना, मधन पौडेल, राम थापा, समिन घिमिरे, सरोज दर्लामी, निनशङ लिम्बु, कुशव देउवा छन् । यस्तै, अभिनव स्याङ्तान, जनप्रकाश बम, लच्छु थापा, निरज कार्की, हरिशराज भट्ट, धरवेन्द्र कुनवर, अनिल वमजन, निराजन धामी र रोहन खड्गी राष्ट्रिय टोलीमा परेका छन् ।

वन्यजन्तुको आक्रमणबाट ४७ जना घाइते

समाज संवाददाता

हेटौंडाः चितवन राष्ट्रिय निकुञ्जका वन्यजन्तुको आक्रमणबाट ४७ जना घाइते भएका छन् । आर्थिक वर्ष २०८०/८१ को तथ्यांक अनुसार हात्ती र गैंडाबाट मानिसमा बढी आक्रमण भएको देखिन्छ । चितवन राष्ट्रिय निकुञ्जको तथ्यांकअनुसार हात्ती र गैंडापछि बाघ, गोही, भालुको आक्रमणबाट मानिसहरु घाइते भएका छन् ।

भरतपुर महानगरपालिका-२२ की शान्ता तिवसिना २०८० साउन १७ मा वेलशहर मध्यवर्ती सामुदायिक वन क्षेत्रमा घाँस काट्ने क्रममा गैंडाको आक्रमणबाट गम्भीर घाइते भएकी थिइन् । खेतमा तोरी हेर्न गएका बखत देवचूली नगर पालिका-१७ का कलिराम महतो २०८० मंसिर ८ मा शिसवर मध्यवर्ती सामुदायिक वन क्षेत्रबाट आएको गैंडाको आक्रमणमा परेर घाइते भएका थिए ।

व्यायाम गर्न हिंडेका बखत २०८० मंसिर १ मा गैंडाकोट-१३ की बिष्णुमाया सारु मगर गैंडाको अक्रमणबाट घाइते भएकी थिइन् भने मध्यविन्दु-१५ का रेसराम थारु २०८० मंसिर १ मा भैंसी चराउन जाँदा बाघको आक्रमणमा परेर घाइते भएका थिए । बाघको आक्रमणबाट माडी-१ का सूर्य महतो, तेजबहादुर पौडेल, माडी-९ का बुद्धराज गुरुङ घाइते भएका थिए ।

आवादी जग्गमामा बाखा चराउँदै गर्दा माडी-१ की हरिमाया थरुनी २०८० मंसिर १७ मा गैंडाको आक्रमणबाट घाइते भएकी थिइन् । रत्ननगर नगरपालिका-७ की जानुका सुवेदी २०८० पुस २२ मा आफ्नै बारीमा घाँस काट्न जाँदा गैंडाको आक्रमणमा परेर घाइते भएकी थिइन् भने २०८० पुस ५ मा बाघमारा मध्यवर्ती सामुदायिक वनमा घाँस काट्न जाँदा रत्ननगर नगर पालिका-७ की शान्तिकुमारी तामाङ गैंडाको आक्रमणमा परेर घाइते भएकी थिइन् ।

नयाँ गोरखगण गुल्मको दिव्यपुरी पोष्टका प्रदिप गुरुङ पट्रोलिङ गर्ने क्रममा निकुञ्जको जुगेश्वर टापुमा गैंडाको आक्रमण परेर घाइते भएका थिए । मेघौली रेञ्ज पोष्ट का उत्सवकुमार खड्का पट्रोलिङ गर्ने क्रममा सुरुङ खोला इलाकामा, बोटेसिमरा पोष्टका सञ्जय यादव पट्रोलिङ गर्ने क्रममा बोटेसिमरा इलाकामा गैंडाको आक्रमण गर्दा घाइते भएका थिए ।

गैंडाको आक्रमणबाट भरतपुर महानगरपालिका-१८ की पार्वती थापा, देवचुली नगरपालिकाका विवेक पौडेल, मध्यविन्दु-२ का राजकुमार बोटे, देवचुली-१७ का कालिराम महतो, भरतपुर-६ की मीना चुवाई, भरतपुर-१८ की मायाकुमारी लामा, भरतपुर-२६ की किताबीकुमारी महतो, भरतपुर-२२ का टंकबहादुर पाण्डे, माडी-३ की उषाकुमारी दिसुवा घाइते भएका थिए ।

माडी नगरपालिका-१ का रामदेव बोटे २०८० असोज १६ मा खेतमा धानबाली कुर्न जाँदा साँझ हात्तीको आक्रमणबाट घाइते भएका थिए । २०८० जेठ ५ मा हात्ती प्रजनन केन्द्र खोरसरमा हात्तीलाई घाँस काटेर खुवाउने क्रममा रमेश पनुवर (फनित) अर्को जंगली हात्तीको आक्रमणमा परेका थिए । जंगली हात्तीको आक्रमणबाट जोगिन भाग्ने क्रममा उनी घाइते भएका थिए ।

२०८० कात्तिक १६ मा हात्तीमा गस्ती जाने क्रममा जंगली हात्तीले लखेट्दा सुखिभार पोष्टका गेम स्काउट विनोद राई घाइते भएका थिए । गस्तीका क्रममा आफू चढेको हात्तीबाट लडेर उनी घाइते भएका थिए । २०८० असार १४ मा हात्ती गस्ती जाँदा बगईमाडी सेक्टर माडी-९ का लक्ष्मीकुमार चौधरी घाइते भएका थिए । जंगली हात्तीसँग जम्काभेटमा परी उनको हात भाँचिएको थियो ।

२०८० कात्तिक २५ मा खड्गौली घोलको बस्तीमा जंगली हात्ती प्रवेश गर्दा भरतपुर-२३ का रोहित दराई घाइते भएका थिए । भागदौडको क्रममा दराईको देब्रे हात भाँचिएको थियो । माडी-२ का रामदेव बोटे २०८० असोज १६ मा धानबाली कुर्न जाँदा जंगली हात्तीको आक्रमणबाट घाइते भएका थिए । हात्तीमा गस्ती गर्ने क्रममा कसरा हात्तीसारका अजय चौधरी, जंगली हात्ती आक्रमणमा परी अमृते पोष्टका कामेश्वर यादव, बगई सेक्टरका सुरेन्द्र चौधरी, जनकपुर पोष्टका हेमलाल सुवेदी घाइते भएका थिए ।

नेचर गाईड रत्ननगर-६ का योगप्रसाद लामिछाने भालुको आक्रमणमा परी घाइते भएका थिए भने कछुवानी पोष्टका लक्ष्मणबहादुर थापा र कुन्दनकुमार सिंह पेट्रोलको कारवाही सञ्चालन गरी फिर्ता हुने क्रममा भालुको आक्रमणमा परी घाइते भएका थिए । भालुको आक्रमणबाट माडी-८ का जंगबहादुर तामाङ, पर्साको ठोरी-१ का रिलेबहादुर तामाङ घाइते भएका थिए ।

२०८० असोज २८ मा झोकरको दोभानमा हात धुने क्रममा मध्यविन्दु-१५ का पूर्णबहादुर कुमाल गोहीको आक्रमणबाट घाइते भएका थिए । माडी-५ का चन्द्रबहादुर बुढाथोकी खेतमा घाँस काट्ने क्रममा गौरी गाईले आक्रमण गर्दा घाइते भएका थिए भने कावासोती-११ की आइतीमाया सार्की खेतमा बाखा चराउने क्रममा बँदेलको आक्रमणमा परी घाइते भएकी थिइन् ।

मैत्रीपूर्ण क्रिकेट सिरिज रोयललाई

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित लामसुरेमा सञ्चालन भएको पाँच खेलको क्रिकेट सिरिज रोयल बुल्सले जितेको छ । शनिबार भएको खेलमा गोर्खाली स्ट्राइकर्सलाई ३५ रनले हराएसँगै रोयलले ३-२ ले सिरिज जितेको हो ।

शनिबार टस जितेर पहिले ब्याटिङ गरेको रोयलले निर्धारित २० ओभरको खेलमा सबै विकेट गुमाएर १ सय २४ रन बनाएर स्ट्राइकर्सलाई १ सय २५ रनको लक्ष्य दिएको थियो । स्ट्राइकर्सले १७.३ ओभरमा ८९ रनमात्र बनाएर अलआउट भयो । रोयलको जितमा भृगु कार्कीले ३० बलमा ३४ रन र कप्तान प्रमोद मानन्धरले १४ बलमा २० रन बनाएका थिए । यस्तै, स्ट्राइकर्सका मोहित कुनवारले २० बलमा २६ रन जोडेका थिए । खेलको म्यान अफ द म्याच कार्की घोषित भए ।

सिरिजकै उत्कृष्ट खेलाडी रोयलका कप्तान मानन्धर घोषित भए । उनले सिरिजमा १ सय ७२ रन जोडे । उनले सर्वाधिक छक्का १२ र चौका १४ चोटी प्रहार गरे । सिरिजमा मानन्धरले ९ विकेट लिएका थिए ।

दुई क्लबबीच मैत्रीपूर्ण खेल भएको कप्तान मानन्धरले बताउनुभएको छ । नयाँ पुस्तालाई क्रिकेट खेल्न प्रोत्साहन गर्न उक्त सिरिज आयोजना गरिएको पनि उहाँले बताउनुभयो ।

विभिन्न घटनामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ३ जिल्लामा विभिन्न घटनामा ३ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन, रसुवा र काभ्रेपलाञ्चोक जिल्लामा ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । चितवन जिल्लाको भरतपुर महानगरपालिका-११ मा २ तले घरबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा पाल्पा जिल्लाको निस्दी गाउँपालिका-५ घर भई हाल भरतपुर महानगरपालिका-५, दुर्गाचोक डेरागरी बस्ने २० वर्षीय होम बहादुर सारु रहेको प्रहरीले जानकारी दिएको छ ।

शुक्रबार दिउँसो ४ बजेर ४५ मिनेटको समयमा सारु २ तले घरमाथि ट्रष्टको काम गर्ने क्रममा लडेर घाईते भएका थिए । घाइते सारुलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा उपचारको क्रममा बेलुका ७ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै रसुवा जिल्लाको कैलाश मानसरोवरमा एक जना विदेशी नागरिकको मृत्यु भएको छ । मृत्यु हुनेमा भारतीय मूलका अमेरिकी नागरिक नवीन अम्बाला पटेल रहेको प्रहरीले जनाएको छ । पटेल गत शुक्रबार काठमाडौंबाट ल्हासा कैलाश मानसरोवर गएका थिए । बिहीबार पटेलको लेक लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-१, रायगाउँमा नवजात शिशु मृत फेला परेको छ । शुक्रबार बिहान ८ बजेर १५ मिनेटको समयमा बाटोको छेउ बाँसको झ्याङमा हरियो प्लास्टिकले बेरी बोरामा हाली फालिएको अवस्थामा अन्दाजी ४ दिन जस्तो देखिने नवजात शिशु छोरी मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
}TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ